त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र संकाय
## परीक्षा नियन्त्रण महाशाखा
बल्खु, काठमाडौं, नेपाल

मिति २०८१।१२।०८

## स्नातकोत्तर तह चौथो सत्रान्त (M.Ed. and MSSEd 4th Semester) को छूट परीक्षा फाराम भर्ने/भराउने सम्बन्धी सूचना

यही २०८१ साल चैत्र महिनामा सञ्चालन हुने शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह (M.Ed. and MSSEd) चौथो सेमेस्टर (खुल्ला तथा दूर सिकाइ समेत) को नियमित तथा आंशिक/मौका परीक्षाको परीक्षा आवेदन फाराम भर्न छूट भएका विद्यार्थीहरूका लागि आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी परीक्षा आवेदन फाराम अनलाइन (Online) मार्फत भर्ने/भराउने प्रयोजनका लागि दोब्बर शुल्कमा **मिति २०८१ चैत्र १० गते देखि ११ गते वेलुका ५:०० बजेसम्म** अनलाईन परीक्षा फारम भर्ने व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैलाई सूचित गरिन्छ। साथै सबै सम्बन्धित क्याम्पसहरुले त्रुटीपूर्ण आवेदन फाराम समेत सोही समयावधि भित्र सच्याउन हुन समेत सूचित गरिएको छ। फाराम वापत संकलित शुल्क यही **२०८१ साल चैत्र १२ गतेसम्ममा** यस संकायको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड् गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा फारम **२०८१ साल चैत्र १२ गतेसम्ममा** रुजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ। साथै परीक्षा फारम भर्ने विषयगत कुल विद्यार्थी संख्या उल्लेख गरी क्याम्पसको पत्र र भौचरको स्क्यान कपी समेत परीक्षा नियन्त्रण महाशाखामा इमेल (tufoedu@gmail.com) गर्नुपर्ने छ।

**पुनश्चः**

- विद्यार्थीहरुले यस संकायको वेभसाइटः tufoe.edu.np को online मा गई नियमित तथा आंशिक/मौका परीक्षाका लागि विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा आवेदन फारम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पस/कलेज/विभागले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुलाई भौतिक रुपमा समेत परीक्षा फाराम भराउनु पर्नेछ। सम्बन्धित क्याम्पसमा भौतिक परीक्षा आवेदन फाराम नपुगेको भएमा यस संकायको वेभसाइटबाट समेत डाउनलोड गर्न सकिनेछ।
- नियमित परिक्षार्थी (रोल नं. ७८ बाट सुरु भएको) हरुको शोधपत्र Ed.544 विषयको १०० पुर्णाङ्कको प्रस्तावना मूल्यांकनको प्राप्ताङ्कलाई परीक्षा आवेदन फारममा आन्तरिक मूल्यांकनको रुपमा प्रविष्ट गर्नुपर्नेछ। आंशिक परिक्षार्थीहरुको हकमा अघिल्लो वर्ष शोधपत्र Ed.544 विषयको परीक्षा आवेदन फारम भरेको तर नतिजा NQ आएको भएमा पुनः उक्त विषयको परीक्षा आवेदन फारम भर्नुपर्नेछ। २०७५ र २०७६ व्याचका (रोल नं. ७५ र ७६ बाट सुरु भएका) परिक्षार्थीहरुले शोधपत्र विषयको परीक्षा आवेदन फाराम भर्नु नपर्ने र त्रि.वि. नियमानुसार आवश्यक मापदण्ड पुऱ्याई शोधपत्र तयार पारी सम्बन्धित क्याम्पसमा बुझाउन सक्नेछन्।
- २०६९ देखि २०७५ ब्याचका विद्यार्थीहरूले मौका परीक्षाको फाराम भर्न पाउनेछन्।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. १५००।- (एक हजार पाँचसय रुपैयाँ) तथा ODL/ICTE/MSSEd को हकमा प्रति विद्यार्थी रु.२५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ। जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ।
- सम्बन्धित क्याम्पसहरुले आ-आफ्ना क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको अभ्यास शिक्षण Ed.542 विषयको पाठ्यक्रममा तोकिएको मापदण्ड र प्रक्रिया बमोजिमका कार्यहरु परीक्षा समाप्त भएको मितिले १ महिना भित्र सम्पन्न गरी प्राप्ताङ्क डीन कार्यालयमा पठाउने व्यवस्था गर्नुपर्नेछ।

सहायक डीन